# राजविराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

**टिप्पणी आदेश**

२०८० । ०२ । ०५

मिति :............................

**विषय :** धानको विउ खरिद सम्वन्धी

श्री मान्,

उपरोक्त सम्वन्धमा यस नगर पालिकाको चालु आ. व.२०७९/०८० को नगर सभा बाट विषयगत शाखाहरुको स्विकृत योजना तथा कार्यक्रमहरु मध्ये कृषि शाखा तर्फ बालि विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा धानको विउ वितरण कार्यक्रम संचालन गर्न रु ५०००००० ।- ( अक्षरेपी रु पचास लाख मात्र) छुट्याएको व्यहोरा अनुरोध गर्दछु । उक्त कार्यक्रम यस नगर पालिकामा सचालन गर्दा किसानले नेपालमा सिफारिस गरिए अनुसारको धानको विउ प्रयोग गरि आधुनिक तरिकावाट धान खेति प्रविधीको प्रयोग गर्नाले धान उत्पादनमा एकरुपता आउनुको साथै उत्पादन एव उत्पादकत्व बृध्दि हुने छ । यसका साथै मूल्य श्रृंखलाको विकास भई खाद्य तथा पोषण सुरक्षामा सुधौर आउनाले किसानहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेमा शंका छैन । तर उक्त धानको विउ खरिद गर्न विगतमा प्रकाशित सूचना अनुसारको खरिद प्रकृया रद्दभएको र किसानहरुको धानको विउ राख्ने समय नजिक आई विउ दिनुपर्ने भएको हँदा रु १०००००० ।- (अक्षरेपी रु दश लाख मात्र) मूल्य सम्मको विउ दरभाउ पत्र माँग गरि वितरण गर्न निर्णयार्थ पेश गरेको छु ।

पेश गर्ने

हरि नारायण यादव
कृषि अधिकृत (छैठौं)

श्रीमान् प्र.प्र.अ.ज्यू

[illegible]

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

# राजविराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

**टिप्पणी आदेश**

मिति : २०८० । ०२ । ०३

**विषय :** धानको विउ खरिद सम्वन्धी

श्री मान्

उपरोक्त सम्बन्धमा यस नगर पालिकाको चालु आ. व.२०७९/०८० को कृषि शाखाको बाली विकास तर्फ निःशर्त अनुदान अन्तर्गत यस नगर पालिकाका कृषकहरु लाई बर्षे धानको विउ वितरण गर्ने लक्ष्य भएकोमा सोको लागी मिती २०७९ । १२ ।२७ गते स्थानिय कृष्णा राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गरिएकोमा उक्त पत्रिकामा निम्नानुसार त्रुटी भएको व्यहोरा अनुरोध गर्दछु

१. उक्त सूचनामा बोलपत्र हुनुपर्नेमा दरभाउ पत्र उल्लेख भएको ।

२. शिलबन्दी दरभाउपत्रको म्याद १५ दिन हुनु पर्नेमा बोल पत्रको समय १ महिना दिईएको ।

३. बोलपत्र दस्तुर रु ३०००।- (रु तिन हजार मात्र) हुनुपर्नेमा रु १०००।- (रु एक हजार मात्र) लिईएको ।

माथी उल्लेखित त्रुटीहरुका कारणहरुलेगर्दा यो टेण्डर रद्द गर्न निर्णयार्थ पेश गरेको छु ।

पेश गर्ने

..........................

हरि नारायण यादव
कृषि अधिकृत (छैठौं)

सदर गर्ने

.......................... ०८०।२।३

धर्मानन्द जोशी
प्रमुख प्रशासकिय अधिकृत

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधि...